# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोताङ गाउँपालिका
## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोताङ गाउँपालिका

## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोताङ गाउँपालिका

### सोलुखुम्बु

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
२ कोशी प्रदेश

पत्र संख्याः २०७९/८०
च.नं. १०९

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
सोताङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले सोताङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ६ करोड १९ लाख १६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २१ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १० लाख ८६ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ५५ लाख ६० हजार र पेश्की रु. ३० लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड ७९ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ९८ लाख ३३ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## सोताङ गाउँपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३६ | ५८ | ६१९१६ | ० | ० | ० | ३६ | ५८ | ६१९१६ | २१९० | ३५५६० | २१०८६ | ० | ० | ५६६४६ | ३०८० |

### प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | **प्रतिक्रिया प्राप्त नभएको** | |
| | | | |
| जम्मा रु. | | | |

### अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | सोताङ गाउँपालिका | ५७९६९ | ० | ५२ | ५७९१७ | ० | ६१९१६ | ११९८३३ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सोताङ गाउँपालिका, सोलुखुम्बु , सोताङ गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विजय मुक्तान | २०७९-५-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नबराज कटवाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६१,९१६,४२५.१५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,७८,३५,५८६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३,१७,२९,४२४ | **चालु खर्च** | १७,३३,३५,३९५.२८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४५,१८,३२४ | **पूँजीगत खर्च** | १३,२४,१९,८१५ |
| **राजश्व बाँडफाँट** | ४,७१,९४,७०२.१२ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ३२,३१,११३.१२ | | |
| **अन्य आय** | ६४,६२,०१०.६७ | | |
| **कुल आय** | ३१,३१,३५,५७३.९१ | **कुल खर्च** | ३०,५७,५५,२१०.२८ |
| **बाँकी मौज्दात** | | ६,४३,७८,५४२.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सोताङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, १०३ वर्ग किलोमिटर क्षेत्रफल तथा १० हजार ४६५ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३५,३८,१३,१४३ | ३२,५५,०६,८६७.९१ | | ३२,५५,०६,८६७.९१ | २९,८२,९७,२८९.१८ | | २९,८२,९७,२८९.१८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३४,८२,१५,१२४ | ३१,३१,३५,५७४.९१ | ० | ३१,३१,३५,५७४.९१ | २८,६५,८२,९८३.६८ | ० | २८,६५,८२,९८३.६८ |
| ११००० कर | ११ | ५,१६,७६,००० | ४,४९,४१,७८५.७९ | ० | ४,४९,४१,७८५.७९ | ४,२५,८४,६६३.६८ | ० | ४,२५,८४,६६३.६८ |
| १३००० अनुदान | | २९,३४,९३,१२४ | २६,२७,०९,७५९.६७ | ० | २६,२७,०९,७५९.६७ | २४,२६,२१,५४० | ० | २४,२६,२१,५४० |
| संघीय सरकार | १२ | २५,४४,३५,००० | २३,१७,२९,४२४ | ० | २३,१७,२९,४२४ | २२,६९,९३,५४० | ० | २२,६९,९३,५४० |
| प्रदेश सरकार | १२ | २,६२,३७,००० | २,४५,१८,३२५ | ० | २,४५,१८,३२५ | १,५६,२८,००० | ० | १,५६,२८,००० |
| अन्तरिक श्रोत | | १,२८,२१,१२४ | ६४,६२,०१०.६७ | ० | ६४,६२,०१०.६७ | ० | ० | ० |
| १४००० अन्य | | ३०,२६,००० | ५३,७१,४९८.४५ | ० | ५३,७१,४९८.४५ | १३,७६,७८० | ० | १३,७६,७८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| राजस्व | | | | | | | | |
| १५००० विविध प्राप्ति | | २०,००० | १,१२,५३१ | ० | १,१२,५३१ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५५,९८,०१९ | १,२३,७१,२९३ | | १,२३,७१,२९३ | १,१७,१४,३०५.५० | | १,१७,१४,३०५.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५५,९८,०१९ | ६०,२७,५१९ | ० | ६०,२७,५१९ | ८५,४५,७६०.५० | ० | ८५,४५,७६०.५० |
| धरौटी | | ० | ६३,४३,७७४ | ० | ६३,४३,७७४ | ३१,६८,५४५ | ० | ३१,६८,५४५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४०,१०,१३,१४३ | ३०,९०,६२,८०४.७८ | | ३०,९०,६२,८०४.७८ | २६,०२,९९,०३३.३१ | | २६,०२,९९,०३३.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३९,५४,१५,१२४ | ३०,५७,५५,२१०.२८ | | ३०,५७,५५,२१०.२८ | २५,६२,०८,८११.८१ | | २५,६२,०८,८११.८१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४,९०,१३,००० | ३,६१,९४,९१३.७६ | ० | ३,६१,९४,९१३.७६ | ८,६४,९३,६८७.७९ | ० | ८,६४,९३,६८७.७९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,४७,३५,००० | ५,०४,७७,७४३.४१ | ० | ५,०४,७७,७४३.४१ | ६,१२,७६,५४७.९६ | ० | ६,१२,७६,५४७.९६ |
| २५००० सहायता (Subsidy) | १८ | ८,७९,९३,००० | ७,८५,६७,४२३.११ | ० | ७,८५,६७,४२३.११ | ६२,८३,६६७ | ० | ६२,८३,६६७ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | १९,२०,००० | ० | १९,२०,००० |
| २७००० | १८ | १,३९,५९,००० | ७२,१६,८१५ | ० | ७२,१६,८१५ | ८२,४०,३९० | ० | ८२,४०,३९० |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा | | | | | | | | |
| २८००० अन्य खर्च | १८ | ९,००,००० | ८,७८,५०० | ० | ८,७८,५०० | ८,४८,००० | ० | ८,४८,००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,८८,१५,१२४ | १३,२४,१९,८१५ | ० | १३,२४,१९,८१५ | ९,११,४६,५१९.०६ | ० | ९,११,४६,५१९.०६ |
| घ. अन्य भूक्तानी | | ५५,९८,०१९ | ३३,०७,५९४.५० | | ३३,०७,५९४.५० | २६,०२,९९,०३३.३१ | | २६,०२,९९,०३३.३१ |
| कोषहरु | | ५५,९८,०१९ | ४,७२,७५० | ० | ४,७२,७५० | ३०,५६,७४१.५० | ० | ३०,५६,७४१.५० |
| धरौटी | | ० | २८,३७,०४२ | ० | २८,३७,०४२ | १०,३३,४८० | ० | १०,३३,४८० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,१९७.५०) | | (२,१९७.५०) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,७२,००,०००) | १,६४,४४,०६३.१३ | | १,६४,४४,०६३.१३ | ३,७९,९८,२५५.८७ | | ३,७९,९८,२५५.८७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,७९,३४,४७८.९७ | | ४,७९,३४,४७८.९७ | २,९६,२६,५०५.६५ | | २,९६,२६,५०५.६५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,७२,००,०००) | ६,४३,७८,५४२.१० | | ६,४३,७८,५४२.१० | ६,७६,२४,७६१.५२ | | ६,७६,२४,७६१.५२ |
| बैंक तथा नगद बाकी | २४ | | ६,४३,७८,५४२.१० | | ६,४३,७८,५४२.१० | ५,१०,९६,७३३.१७ | | ५,१०,९६,७३३.१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विमारी उपचार ,जंगली जनावर आक्रकण ,आगलागि लगायतको लागि आर्थिक सहायता बापत रु १८४१०००। वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ४ | | | **अवकास तथा कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा अवकास कोष तथा कल्याण कोष को व्यवस्था गरेको पाईएन । कानूनको पालना गर्नु पर्दछ। | |
| ५ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार स्वास्थ्य समेत जम्मा २८ दरवन्दि मा १२ पदपूर्ति र १६ रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| ६ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि १३ जना कर्मचारी करारमा राखि रु४७५८०५०। खर्च लेखेको पाइयो।त्यसैगर सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार बाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथिउल्लेखित पदवाहेकको १ इन्जिनियर करार नियुक्ति गरी बर्षभरीमा रु. ५८०३९०। भुक्तानी गरेकोले | ५८०,३९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनियमित देखिएको रु. | |
| ७ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले २०७८।७९ को अवधिमा प्रदान गरेको सेवाहरु सम्बन्धि विवरण माग गरिएकोमा विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>**आन्तरीक नियन्त्रण प्रणाली**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन<br>· पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>· गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन<br>· गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>· गाउँपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन<br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।<br>· गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन ।<br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले वेरुजुको लगत अद्यावधिक गरेको पाइएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता ,पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| ९ | | | **रकम फिर्ता र प्रमाण अवस्था** | |
| ९.१ | | | **अनुदान रकम धरौटीमा राखी खर्च :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ७ मा धरौटी सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त शिक्षा शर्शत तर्फको विभिन्न विद्यालयहरुले कक्षा कोठा निर्माण तथा अन्य कार्यक्रमको लागि प्राप्त भएको रकम मध्ये विद्यालय कक्षाकोठा निर्माण कार्य पुरा गरी नसकेको विद्यालयहरुको रकम वजेट खर्च जनाई धरौटी खातामा जम्मा गरेको पाइयो । धरौटी खातामा जम्मा देखाई खर्च देखाइएको उक्त रकमवाट विद्यालय हरले तोकिएको काममा खर्च गरेको कार्य सम्पन्न प्रतिवेदन समेत प्रमाण पेश हुनुपर्ने र धरौटीमा सारिएको उक्त रकम खर्च नभएमा संघिय संचितकोष दाखिला हुनुपर्ने रु.<br>**विद्यालयको नाम** — **धरौटीमा रहेको रकम**<br>चेपेल आ.वि. — ४,००,०००।-<br>बखपलम आ.वि. — ४,००,०००।-<br>वासुकि आ.वि. — ११,६३,२८५।-<br>विरेन्द्र ज्योती मा.वि. — १०,००,०००।- | ५,२७५,१७८ |

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>हुलु मा.वि.</td><td>२३,११,८९३।-</td></tr><tr><td>जम्मा</td><td>५२,७५,१७८।-</td></tr></table></td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>सुधारको प्रमाण :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण कार्यको विलवाट कट्टी गरिएको धरौटी रकम निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधि भित्र त्रुटी नसच्याएमा सार्वजनिक निकायले धरौटीमा रहेको रिटेन्सन मनिवाट कार्य गराई त्रुटी सच्याउन समेत व्यवस्था छ । कार्यालयले २०७६।७७ मा वडा नं.३ को स्वास्थ्य इकाई भवन निर्माण कार्यमा त्रुटी देखिएको उल्लेख गरी रु.१०,००,०००।— कट्टी गरी धरौटीमा राखेकोमा भौ.नं. १०।२०७८।९।२५ वट निर्माण व्यवसायीलाई नीजको नाममा जम्मा रहेको धरौटी मध्ये रु.१२०,६२६।— मात्र धरौटी कट्टी गरी वांकी रु.८७९३७७।— फिर्ता गरेको छ ।त्रुटी भएको काम सुधार गर्न तयार गरेको लागत अनुमान तथा कार्य गराई साइट इन्जिनियरले काम सुधार भएको प्रमाण समावेश नगरेकोले त्रुटी सुधार गर्न कट्टी गरी राखिएको धरौटी रकम फिर्ता गर्नुअघि काममा सुधार गरेको प्रमाण समावेश नगरी फिर्ता गरेकोले खर्च सुनिश्चितताको प्रमाण पेश हुनुपर्ने रु. ८७९३७७।—<br>कामको सुधार प्रमाण :- कार्यालयले २०७७।७८ मा विरेन्द्र ज्योती मा.वि.को भवन निर्माण कार्यमा गुणस्तरमा फरक देखिएको उल्लेख गरी विल रकमवाट रु.१०,००,००।—कट्टी गरी धरौटीमा राखेको छ । उक्त रकम भवन निर्माण गर्ने निर्माण व्यवसायीले गुणस्तर अनुरुप कार्य पुरा गरेको इन्जिनियरको प्राविधिक प्रतिवेदन वेगर विद्यालय व्यवस्थापन समितिको फिर्ता गर्ने निर्णय पेश गरेको आधकारमा पुरै रकम फिर्ता दिएको छ । रकम कट्टी गर्दा गुणस्तर पुरा नगरेकोमा फिर्ता गर्नुअघि सम्बनधित कामको गुणस्तर पुरा गरेको प्राविधिक परिक्षण र प्रमाण वेगर विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा रकम फिर्ता गरेको सम्बन्धमा थप छानविन गरी कामको सुधार परिक्षण सहितको प्रमाण पेश हुनुपर्ने रु. १०,००,०००।—</td><td>१,८७९,३७७</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानून निर्माण तथा कार्यन्बयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था भएकोमा लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार पालिकाले हाल सम्म १० ऐन २ नियमावली १५ कार्यविधि १ निर्देशिका २ निति निर्माण भइ कार्यान्वयनमा ल्याएको छ।</td><td></td></tr>
</table>

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु२७५००००।र वडा कार्यालय तर्फ एकमुष्ट प्रसाशनिक खर्च संगै विविध खर्च हुने गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७८।७९ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा स्वास्थ्य तर्फ समेत रु.९५१३०३०/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| १३ | | | **विद्यालय व्यावस्थापन**<br>पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।<br>• पालिका अन्त्रगत रहेका सामुदायिक विधालयहरुकाे सबै त्रियाकलापहरुकाे कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेकाे साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेकाे पाईएन ।<br>• पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुकाे निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकाेमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>• कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेकाे छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा साे वमाेजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेकाे पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन । | |
| १४ | | | **आर्थिक विवरणको अवस्था** | |
| १४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा पालिकाले खर्चको वर्गिकरण गरी सुत्रमा कार्यक्रमलाई समावेश गर्दा कार्यक्रम वाईज सुत्रमा समावेश नगरी विविध शिर्षकमा योजनाको रकम समावेश गर्ने गरेको पाईयो ।साथै यस वर्षको प्राप्ती भुक्तानी हिसाबमा विविध खर्च खाताको कारोबार समावेश गरेको पाइएन । तोकिएको ढांचा र स्विकृत खर्च बर्गिकरण अनुसार मात्र कार्यक्रम खर्च छुट्याई बजेट कार्यान्वयन गर्नु पर्दछ । | |
| १४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाको चालु खर्च खातामा रु. ७३७६६०५ तथा पुँजिगत खर्च खातामा रु. १०३५३१८५ मोज्दात रहेकोमा आर्थिक वर्षको अन्तमा सञ्चित कोषमा फिर्ता गरेको छ । | |
| १४.३ | | | **जिम्मेवारी घटि:** कार्यालयले आर्थिक कारोवार संचालन गरी हिसाव तयार गर्दा जिम्मेवारी र वैंक मौज्दात समेतको हिसाव विवरण तयार गरी गत वर्षको जिम्मेवारी समेत यकिन गरी आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश भएको पालिकाको २०७८।७९ को प्राप्ती विवरण (म.ले.प.फा.नं.२७२) मा गत वर्षको लेखापरीक्षणवाट देखाएको अन्तिम मौज्दात ४६३,१८,५५०।२७ हुनुपर्नेमा उक्त रकमलाई जिम्मेवारीमा यो वर्ष रु.४७९,३४,४७१८।९७ जिम्मेवारी सारेको छ । वढी जिम्मेवारी हिसाव तयार गरेकोमा वैंक भिडान विवरण पेश गरेको पाइएन । साथै गत वर्षको मौज्दात मध्ये रु.१,४४,१२,०८९।- २०७८।७९ को अवधिमा संघ र प्रदेशवाट प्राप्त शर्शत अनुदान रकम फिर्ता उल्लेख गरेको भएता पनि वैंक मौज्दात विवरण र भिडान गरी पेश नभएकोले वढी जिम्मेवारी सम्बन्धमा पुन यकिन गरी प्रमाण पेश हुनुपर्ने रु. | १,६१५,९२८ |
| १४.४ | | | धरौटीको आर्थिक विवरण तयार गर्दा मलेप फारम नं. ६०७ को ढाँचामा तयार गरी गत वर्षको बाँकी चालु वर्षको खर्च तथा सदर स्यहा र बैंक मौज्दात भिडान गरी तयार गर्नु पर्नेमा लेखापरीक्षण प्राप्त कार्यालयको आर्थिक विवरण अनुसार गत वर्षको बाँकी मौज्दता रु. ३१५३०६५ रहेकोमा यो वर्ष सो रकमलाई रु.८६८७९५२ जिम्मेवारी सारेको र यस वर्षको प्राप्ती रकम समेत फरक परेको छ । यस | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धमा सुत्रबाट आर्थिक विवरण तयार गरी आर्थक विवरण तयार गरेको र सोही कारणले विवरण फरक परेको भन्ने कार्यालयको भनाई रहेता पनि आर्थिक विवरण भिडान गरी पेश हुनु पर्दछ । | |
| १४.५ | | | कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्नेमा धरौटी तर्फको र संचितकोष खाता तर्फको बैंक फरकलाई भिडान प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश गरेको छैन । | |
| १४.६ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नु पर्नेमा सो अनुसार नगरी छुट्टै आर्थिक विवरण तयार गरेको छ । | |
| १५ | | | **अनुदान प्राप्ती स्थिति** | |
| १५.१ | | | समानीकरण अनुदान - कार्यालयलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने समानिकरण अनुदान निम्नानुसारका अवधीमा मात्र प्राप्त भएको विवरणबाट देखिएको छ । | |

| संघीय सरका | | प्रदेश सरकार | |
|---|---|---|---|
| अनुदान प्राप्त मिति | रकम | अनुदान प्राप्त मिति | रकम |
| २०७८।०६।११ | २२१००००० | २०७८।०९।०९ (पहिलो र दोस्रो किस्ता) | २४९१००० |
| २०७८।११।३० | २२१००००० | २०७९।११।३० (तेस्रो किस्ता) | १२४५५०० |
| २०७८।०१।०५ | २२१००००० | २०७९।०३।०७( चौथो किस्ता) | १२४५५०० |
| २०७९।०२।३० | २२१००००० | | |

समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग (NNRFC) ले सिफारिस गरे बमोजिम तोकिएको अवधिभित्रमा निकाशा गरिसक्नु पर्नेमा यो वर्ष संघीय सरकार तर्फको समानीकरण अनुदान २०७८।०६।११ मा मात्र प्राप्त भएको र चौथो किस्ता २०७९।०२।३० मा प्राप्त भएको साथै प्रदेश सरकार तर्फको पहिलो र दोस्रो किस्ता एकै पटक २०७८।०९।०९ मा र चोथो किस्ता २०७९।०३।०७ मा मात्र निकासा गरेको देखिएकोले समानिकरण अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरुमा ढिला गरि रकम निकासा

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नाले पालिकाका योजना तथा कार्यक्रमहरु वर्षान्त सम्म सञ्चालन गरि खर्च हुने गरेको पाइयो । तोकिएको अवधी भित्र रकम निकासा हुनु पर्दछ । | |
| १५.२ | | | कार्यालयले समपुरक अनुदान कार्यविधि अनुसार अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत कार्य नगराई ठेक्का पट्टा बाट कार्य गर्नु पर्नेमा सो अनुसार कार्य गरेको पाईएन । | |
| १५.३ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.ब.२०७७।०७८ को बचत रकम मध्ये संघीय तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने रकम २०७८ असार मा फिर्ता नगरी संघ तर्फको रु. १३६३४०३४ र प्रदेश तर्फको रु. ७८०५० सम्बन्धित निकायमा मिति २०७८।०५।१७ मा फिर्ता गरेको छ । यो वर्षको लागी प्राप्त भएको अनुदान मध्ये खर्च नभै बाँकी रहेको संघ तर्फको रु. २२३०५५७६ तथा प्रदेश तर्फको मौज्दात रु. १७१८६७५ मिति २०७९।०३।३१ मा सम्बन्धित निकायमा फिर्ता गरेको छ । | |
| १६ | | | **बजेट कार्यान्वयन अवस्था** | |
| १६.१ | | | स्थानीय क्षेत्रगत बजेट , सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्नेमा पालिकाले पुँजिगत तर्फ रु. ५०००००० । अबण्डामा राखी बजेट पारित गरेको मध्ये उक्त रकमलाई कार्यपालिकाको निर्णयको आधारमा समपुरक योजना र झोलुङ्गे पुल योजनामा रकमान्तर गरी खर्च गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार बजेट अबण्डामा नराखी योजना कार्यक्रम स्विकृत गरि बजेट छुट्याएर मात्र खर्च खर्च गर्नु पर्दछ । | |
| १६.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था छ । पालिकाले सभाबाट पारित यो वर्षको स्विकृत चालु र पुँजिगत बजेट मध्ये कार्यापालिकाको निर्णयको आधारमा चालु तर्फ ७ योजनाको रु.२२९०००० लाई १० योजनामा र पुँजिगत तर्फ २० योजनाबाट ४२ योजनामा रकमान्तरबाट बजेट छुट्याई खर्च गरेको छ । सभाबाट पारित योजना भन्दा बढि संख्यामा योजना थप गरी रकमान्तर गरेको छ । कानुनको व्यवस्था अनुसार मात्र रकमान्तर गरी खर्च गर्नु पर्दछ । | |
| १६. | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राथमिकिकरण गर्नुपर्नेमा सो अनुसार योजना कार्यक्रमको प्राथमिकिकरण गरेको छैन ।</td><td></td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता समेत रहनु पर्नेमा सो अनुरुप योजना तथा कार्यक्रमहरुलाई प्राथमिकिकरण गरी सञ्चालन गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अभिलेख व्यवस्थापन</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखु पर्नेमा पालिकाले ठेक्कागत अभिलेख खाता राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राखुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड-१९</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>कोभिड-१९ तर्फ - पालिकाले यस वर्ष कोभिड १९ नियन्त्रण कार्यमा निम्नानुसार आय-व्यय गरेको छ ।
<table>
<tr><td>आम्दानी (शिर्षक)</td><td>रकम</td><td>खर्च (शिर्षक)</td><td>रकम</td></tr>
<tr><td>संघीय सरकार (राहत बापत)</td><td>२००००००</td><td>अन्य विपद</td><td>१९००००</td></tr>
<tr><td>योजना तथा कार्यक्रम बजेट बाट गत वर्षको मौज्दात</td><td>५२०९०००</td><td>औषधी उपकरण खरिद</td><td>१५००००</td></tr>
<tr><td></td><td></td><td>अनुदान रकम फिर्ता</td><td>२००००००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>४८६९०००</td></tr>
<tr><td>जम्मा</td><td>७२०९०००</td><td>जम्मा</td><td>७२०९०००</td></tr>
</table>
उपरोक्त अनुसारको रकम मध्ये पालिकालाई संघीय सरकारबाट प्राप्त कोभिड बाट प्रभावित भै आफ्नो रोजगारी गुमाएका नागरिकहरुलाई</td><td>१५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राहत स्वरुप प्रति व्यक्ती रु.१०००० का दरले रकमलाई पालिकाले वितरण नगरी फिर्ता गरेको छ । तोकिएको कार्यमा प्राप्त भएको रकम खर्च नगरेको कारण उल्लेख गरेको पाइएन ।<br>कोभिड-१९ को संक्रमण नियन्त्रण र रोगथामको लागि आ.व.२०७६।७७ र २०७७।७८ मा विभिन्न योजनाको वजेटवाट कोभिड-१९ नियन्त्रण कार्यमा खर्च गर्ने गरी स्वीकृत भएता पनि २०७८।७९ को लागि विपद व्यवस्थापन कोषमा रकम ट्रान्सफर गरेकोले खर्च नभई वाकी रहेको रकम सम्बन्धित योजना तथा कार्यक्रम तर्फको कार्यमा फिर्ता गरिएको पाइएन ।<br>पालिकाले पटके निर्णयको आधारमा विभिन्न घटना भै मृत्यु भएका र अन्य घटनाका पिडितलाई समेत आर्थिक सहायता भुक्तानी गर्ने गरेकोमा सो सम्बन्धित कार्यविधि कानून स्वीकृत गरी लागु गरेको पाइएन ।<br>रेडक्रस सोसाइटिले राहत सामाग्री ढुवानी गरेको उल्लेख गरी गाडी भाडा वापत जीवन कोइरालालाई रु.१५०००।— भुक्तानी गरेकोमा सामानको विवरण, वितरणको तथा सामान बुझिलिएको स्थान नखुलेकोले उक्त खर्च पुष्टि हुने प्रमाण समावेश गर्नुपर्दछ ।<br>१२।२०७९।१।१६ वाट ना.सु भिम मगरलाई दिएको पेश्की रु.१०००००।— समेतवाट २०७९।१।१७ मा किरात स्टोर्स एण्ड सप्लायर्सवाट सर्जिकल माक्स, सेनीटाइजर, मेडिकल गोल्वस, डिटोल सावुन समेत खरिद गरी रु.१५००००।— भुक्तानी गरेकोमा उक्त सामाग्रीहरुको वितरण पुष्टी हुने तथा स्वास्थ्य संस्थामा पठाएको विवरण समावेश नभएकोले सुरक्षा सामाग्रीहरुको खपत, वितरणको प्रमाण पेश हुनुपर्ने रु.१५०,०००।— | |
| १८.२ | | | **कार्यविधिको पालना :-** नेपाल सरकारवाट २०७८।७।१५ को राजपत्रमा प्रकाशित कोभिड-१९ महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ मा नगद प्राप्त गर्ने लाभग्राहीको व्यवस्था रहेको छ । दफा ३ मा कोभिड १९ कारण गर्दै आएको रोजगारी गुमाएको, खुल्ला सडकमा नाङलो डोकोमा सामान वेच्ने, ठेलागाडा रिक्सा चालक यातायात मजदुर, कोभिड १९ को कारण एकाघरको आय आर्जन गर्ने मुख्य सदस्यको मृत्यू भई आर्थिक संकट झेल्नुपरेको परिवारलाई तोकिएको छ । सोही दफा ३(२) मा निवेदन दिदाको समयमा निवेदकको कुनै सदस्यले सरकारी, निजि वा अन्य संघसंस्था, वैदेशिक रोजगारीको अवसर प्राप्त गरी आर्जन गरेको, सामाजिक सुरक्षा भत्ता पाउने, निवृत्तिभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरिएको संचित आय, वा पैत्रीक सम्पत्तीवाट तत्कालको खर्च पुरा गर्ने वा प्रधानमन्त्री रोजगार कार्यक्रम, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहवाट यस अघि कुनै राहत नपाएको हुनुपर्ने गरी तोकिएको छ ।पालिकाले यस वर्ष प्राप्त कोभिड १९ नगद राहतको रकम निम्नानुसार वितरण गरी खर्च गरेको पाइयो ।<br><br>वडा नं. \| प्रभावित संख्या \| रकम | १,९२०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>२५</td><td>२,५०,०००।-</td></tr>
<tr><td>४</td><td>५२</td><td>५,२०,०००।-</td></tr>
<tr><td>१,३,५</td><td>११५</td><td>११,५०,०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९२०,०००।-</td></tr>
</table>
कार्यविधिमा तोकिएको आधार भन्दा फरक गरी वडा वाट निवेदन माग गरेको र निवेदन दिने व्यक्तिहरु उपर उजुर गर्ने समेतको समयावधि तोकी वडा अध्यक्षको सिफारिसको आधारमा रकम खातामा निकासा गरेको छ । वितरण रकमको प्रमाणको नमूना छनौट गरी परीक्षण गरिएकोमा वडाध्यक्षले वेरोजगार रहेको सिफारिस गरेको आधारमा रकम भुक्तानी गरेको पाइयो । कार्यविधिमा तोकिए वमोजिम रोजगार गुमेको, काम गरेको स्थान, परिवारका सदस्यले तोके वमोजिम को शिर्षकवाट अनुदान, रोजगारी नगरेको लगायतको प्रमाण वेगर नै कार्यविधि भन्दा फरक गरी राहत रकम खर्च गरेको अनियमित रु.</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>न्याय सम्पादन प्रकृया<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा ० मुद्दा सरिद्द आएको र यस वर्ष २० मुद्दा दर्ता भएको मध्ये १९ मुद्दा फर्छ्यैट भइ १ मुद्दा बाँकि रहेको देखिएको छ। न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कानुनको पालना<br>राजश्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यात्तिले बैक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । पालिकामा विभिन्न समयमा संकलन भएको राजस्व रकम सम्बन्धित कर्मचारीले समयमा दाखिला नगरेको देखिन आएकाले ऐनबमोजिम आफ्नाे जिम्मामा आएको सरकारी रकम समयमै दाखिला गरि कानुनको पालना गर्नुपर्दछ । | |
| २१ | | | **नविकरण शुल्क**<br>गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा व्यावसाय कर लगाइने र असुल गरिने उल्लेख छ । उक्त दफासँग सम्बन्धित अनुसूचीमा प्रति व्यावसायीहरु बाट वार्षिक रु. **५००।००** का दरले नविकरण शुल्क असुल गरिने उल्लेख छ । प्रत्येक वर्षको आर्थिक ऐनमा राजस्व संकलनको माध्यम बनाइने गरी अनुसूचीमा व्यवस्था गरेको भएतापनि व्यावसायीहरुबाट शुल्क संकलन गर्न सकेको देखिएन । आर्थिक वर्ष २०७८।७९ सम्ममा पालिकको मुल अभिलेख किताबमा दर्ता भएका जम्मा ४३८ व्यावसायिहरु रहेकोमा २१ वटा व्यावसायिहरुले मात्र नविकरण शुल्क बुझाएको देखियो । तसर्थ बाँकी रहेका ४१७ वटा व्यवसायिकहरुको एकिन गरि नविकरण शुल्क असुल गर्नुपर्ने रु. | २०८,५०० |
| २२ | | | **अभिलेख व्यावस्थापन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार राजश्व दाखिला र राजश्वको लेखा सम्बन्धि व्यवस्था रहेको छ । गाँउपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा रसिदको आम्दानी खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई, तोकिएको समय भित्रै नगद रकम बैंक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाएको देखिएन । जसले गर्दा आम्दानी हुनुपर्ने र दाखिला गर्नुपर्ने रकमको यर्थाथ हिसाब एकिन हुन सकेन । तसर्थ गाँउपालिकाले आन्तरिक आयको अभिलेखलाई थप व्यवस्थित बनाई सुधार गर्नुपर्दछ । | |
| २३ | | | **स्पेशिफिकेशन तथा लगानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामान खरिद गर्नुअघी मालसामानको स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोताङ अस्पतालमा DR एक्सरे मेशिन खरिद कार्य गरी पालिकाको तर्फबाट रु.२३,८१,९९७।— भुक्तानी गरेको पाइयो । मेशिन खरिद कार्य गर्नु अघि वायोमेडिकल इन्जिनियरबाट स्पेसिफिकेशन तयार गरी लागत अनुमान स्वीकृत गरेको पाइएन । साथै खरिद पछी उत्पादकले उपलब्ध गराउनुपर्ने रिएजेन्टहरु समेत उल्लेख गरेको छैन । एक्सरे | २,९८१,९९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मेशिन खरिदमा रु.३०,००,०००।— वजेट पारित भएकोमा d21 फाउण्डेशन ललितपुरले DR मेशिन खरिद गर्न रु.१३,५०,०००।— सहयोग गर्ने प्रतिवद्धता गरेको उल्लेख गरी खरिद कार्य अघी वढाएको र मेशिन सप्लायर्स क्वान्टेम इनर्जी मल्टीप्रपोज प्रा.ली.ले विक्रि विजकमा समेत एक्सरे मेशिनको स्पेशिफिकेशन खुलाएको पाइएन । स्वास्थ्य उपकरण खरिद गर्नुअघि वायोमेडिकल इन्जीनयरवाट स्पेशिफिकेशन स्वीकृत नगरेको र सप्लायर्सले स्पेसिफिकेशन सहित विक्रि विजक जारी नगरेको खरिद पछि समेत विज्ञवाट मेशिनको गुणस्तर परिक्षण नगरी सप्लायर्सले जारी गरेको रु.४३,३०,९९७।— कफ आधारमा पालिका तर्फको रकम पुरै भुक्तानी गरेको कार्य नियमित देखिएन रु. | |
| २४ | | | **उपभोक्ता समितिको कार्य स्थिति**<br>**अधुरो कामको भुक्तानी** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट काम गराउन सकिने व्यवस्था गरी जटील प्राविधिक पक्ष समावेश नभएकको सम्बन्धित स्थानमा बसोबास गर्ने वासिन्दावाट कार्य गराउने व्यस्था छ । पालिकाले प्रशासनिक भवनको दोश्रो तला थप गर्ने कार्य ठेक्कापट्टा वाट गराउदै यो वर्ष अन्तिम विल भुक्तानी गरेको छ । प्रशासनिक भवनमा शौचालय कम्पाउण्ड वाल तथा प्रवेश गेट समेतको आइटम समावेश गरी वाह्यय व्यक्तीको अध्यक्षतामा उपभोक्ता समिति गठन र सम्झौता गरी कामको सम्झौता गरेकोमा उपभोक्ता समितिले तोकिएका आइटम र गेट निर्माणको कार्य पुरा नगरी कामको अन्तिम विल तयार गरेको र पालिका अध्यक्षता ले २०७९।३।१२ मा भुक्तानी दिन सिफारिस स्वीकृती गरेको आधारमा अधुरो कामको भुक्तानि गरेकोले सम्झौता अनुसारको कार्य पुर नगर्ने समिति समेतलाई कामको विल भुक्तानी गर्न सिफारिस गर्नेलाई जिम्मेवार वनाउनु पर्दछ । सम्झौतामा तोकिएको आइटम र परिमाणको कार्य पुरा नहुदै रकम भुक्तानी गरेको अनियमित खर्च रु.२९००,०००।—<br>**डि.पि.आर नभएको सडकमा कामको भुक्तानी अवस्था** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा जटील प्राविधिक पक्ष समावेश नभएको कार्य उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था रहेको रसार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य खरिद गर्नु अघि स्पेसिफिकेशन डिजायन नक्सा तथा अन्य आवश्यक विवरण तयार गर्नपर्ने व्यवस्था छ । पालिकाले विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्ने कार्य उपभोक्ता समितिसँग सम्झौता गरी खर्च गर्ने गरेको पाइयो । सडकको नयाँ ट्र्याकको कार्य गर्नुअघि DPR तयार गरी स्वीकृत गरेको पाइएन ।अधिकांश सडक उपभोक्ता समितिवाट कार्य गराएकोमा कामको सम्झौता अघि Hard rock, Medium rock, Hard Soil समेतको आइटम समावेश गरी क्वान्टीटी सम्झौता गरेको पाइयो । नमूना छनौट गरी परिक्षण गरिएकोमा लागत अनुमान तयार गर्दा मेशिनवाट कटीङ कार्यमा जिल्लादरवाट तोकिएको दरवाट Hard rock लगायतको दररेट कायम गरेको र कामको नापी गर्दा समेत X sectional drawing समावेश नगरी विभिन्न प्रकारको माटो कटीङको प्रतिशत समेतवाट भुक्तानी | २,९००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको देखिएको छ ।<br>**सडकको नाम** — **रकम**<br>गोदेनपानी — नार्केल — ५,५०,४३१।-<br>टिम्बुल कृषि सडक — १०,५६,०००।-<br>मलु-चमेन्द्र सडक — १६,१२,८००।-<br>देविस्थान-सालपाटी — ११,५२,००१।-<br>समपेरे पावर हाउस ट्र्याक — ३,२२,५६०।-<br>वडा कार्यालय- विजयखर्क — १४,४०,०००।-<br>कार्यालयले हुँगा गाँउघर क्लिन रोडको ट्र्याक खोल्ने कार्य उपभोक्ता समितिवाट गराउने गरी विभिन्न कडा चट्टान नरम चट्टान समेतको आइटम (DPR वेगर) समावेश गरी सम्झौता गरेकोमा शुरु सम्झौतामा उल्लेखित कार्य परिमाण भन्दा वढी कार्य परिमाण देखाई ६२६४६३।— भुक्तानी गरेको साथै शुरु सम्झौतामा नभएको Hard Soil समेतको आइटममा थप भुक्तानी गरेकोमा भेरिएसन स्वीकृती नगरी भुक्तानी गरेको छ । | |
| २५ | | | **घटि कर कट्टि**<br>आयकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने रकम भुक्तानी गर्नु अगावै<br>लाग्ने कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्नेमा भौ.नं.२३२।२०७९।३।१९ वाट पेश्की फर्छयौट गरेकोमा अग्रिम कर कट्टी गर्नुपर्ने रु.४००७।- कट्टी नगरी पेश्की फर्छयौट गरेकोले छुट अग्रिम कर रकम असुल हुनुपर्ने रु.४००७।- | ४,००७ |
| २६ | | | **सोझै खरिद**<br>**<u>(आ.ले.प. मुल्यांकन) :-</u>**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७(२) वमोजिम आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले | २,७८१,३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउन पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणवाट औल्याएका कैफियतहरु सम्परीक्षण नगराएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।<br>सोझै खरिद - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा प्रतिस्प्रर्धा सिमित नहुने गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिम मेशिनरी अजार खरिद गर्दा स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान तयार गरेर मात्र खरिद कार्य गर्नुपर्नेमा निम्नानुसार को मिति र भौ.नं.बाट कम्प्युटर ल्यापटप, क्यामेरा, टेलिभिजन समेतको मेशिनरी मालसामान खरिद कार्य सोझै विक्रेतावाट खरिद गरी भक्तानी गरेको छ । मालसामानको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत नगरेको र टुक्रा पारी खरिद कार्य गरेको अनियमित रु.२७,८१,३२५।-<br>
<table>
<tr><td>भौ.नं. र मिति</td><td>मालसामानको विवरण</td><td>रकम</td></tr>
<tr><td>१४।०७९।३।२</td><td>ल्यापटप १५ थान</td><td>८९८३५०।-</td></tr>
<tr><td>१५।२०७९।३।२</td><td>क्यामेरा १० सहित इथर्नेट ट्रान्फर उपकरण</td><td>८९८९७५।-</td></tr>
<tr><td>१६।०७९।३।२४</td><td>एल.इ.डी.५५ इन्च टेलिभिजन ८ वटा</td><td>९८४०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७,८१,३२५।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>खरिद कार्यको अवस्था</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>ऐन नियम विपरितको खरिद कार्यको अवस्था :- सार्वजनिक खरिद ऐनको दफा ८(२) मा खरिद कार्य टुक्राटुक्रा पारी गर्न नहुने व्यवस्था छ । साथै नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारवाहि शुरु गर्न नहुने, गरी तोकिएको छ । पालिकाले हुंगा खोलामा ट्रष्टब्रिज वनाउने कार्यको डि.पि.आर तथा लागत अनुमान तयार गर्ने कार्य परामर्शदातावाट गराएकोमा परामर्शदाता स्वदेश इन्जिनियरिङ कन्सल्टेन्सीले दररेट विश्लेषणमा ५५.०३ मे.टन स्टिल ट्रसको रु.१८९५३६९०।— उल्लेख गरेकोमा कूल लागत अनुमान भित्र सो लागत समावेश नगरी रु. ३ करोड ३८ लाख ६ हजारको आधारमा ९४७५४०।— भुक्तानी गरेको छ । पालिकाले उक्त पुल निर्माण कार्यको वजेट सुनिश्चित नगरी, पूल निर्माण सम्बन्धित सबै आइटम सहितको BOQ तयार नगरी यो वर्ष योजनामा रु. १ करोड विनियोजन गरी सो रकम वाट वाँया (left Abut mast) फाउण्डेसनको</td><td>७,५५१,०३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र कार्य गर्ने ठेक्का आह्वान गरेको छ । निर्माण व्यवसायीसँग रु.७८३६३९१।— मा खरिद सम्झौता गरी २०७९।३।२० सम्म अवधी रहेको यो ठेक्काको काममा प्रयोग गरिएको डण्डी तथा कंक्रिट लगायतको सामाग्री गुणस्तर परिक्षण वेगर रु.७५,५१००७।— भुक्तानी गरेको पाइयो । त्रुटीपूर्ण DPR तयार गर्ने परामर्शदातालाई समेत जिम्मेवार वनाउनुपर्ने साथै वजेटको व्यवस्था वेगर खोलामा वनाइने पुलको सटक्चर पिच्छे फरक फरक ठेक्का वन्दोवस्त गर्दै खर्च गर्ने र गुणस्तर परिक्षण वेगर नै पूलको फाउण्डेसन तयार गरी भुक्तानी गर्ने कार्यमा संलग्नलाई जिम्मेवार वनाई थप छानविन हुनुपर्ने अनियमित खर्च रु.७५,५१०३७।—<br>एवुटमेन्टको निर्माण गर्ने निर्माण व्यवसायी g.y. construction संग खरिद सम्झौता गर्दा पेश गर्नुपर्ने कार्य सम्पादन जमानत लेखापरीक्षणमा पेश भएन। खरिद नियमावली २०६४ को नियम ११२ वमोजिम त्रुटी सच्याउने अवधी समेटिएको वीमा गराई कार्य नगराएको समेत देखिएकोले आंशिक निर्माण कार्यको ग्यारेण्टी समेत देखिएन । | |
| २७.२ | | | **पूर्वनिर्धारित क्षतिपुर्ती :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा सम्झौता तोकिएको अवधि भित्र कार्य सम्पन्न नगरेकोमा निर्माण व्यवसायीले पुर्व निर्धारित क्षतिपुर्ती तिर्नुपर्ने व्यवस्था छ । पालिकाले ठे.नं.३।२०७७।७८ वाट प्रशासनिक भवनको तला थप गर्ने कार्यको २०७८।१।२९ मा सम्झौता गरी २०७९ ।३।३० सम्म कार्य अवधी रहेकोमा उक्त कामको निर्माण व्यवसायीले २०७८।६।२४ मा मात्र म्याद थपको लागि निवेदन दिएकोमा म्याद थप गरेको प्रमाण पेश भएन । कार्यालयले २०७८।६।१४ मा दोश्रो रनिङ विल र २०७८।९।२६ मा अन्तिम विल भुक्तानी गरेको पाइयो । कामको म्याद थप नगरी पछिल्लो अवधिमा भुक्तानी दिएकोले नियमानुसार लाग्ने पूर्व निर्धारित क्षतिपुर्ती रु.१९८११३।- असुल हुनुपर्ने रु. | १९८,११३ |
| २७.३ | | | **कार्यविधि पालना** : आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको वुदा नं. १४ मा प्रदेश समपुरक अनुदानवाट संचालन हुने योजनाहरु उपभोक्ता समिति मार्फत खर्च गरी संचालन गर्न नपाईने व्यवस्था छ । पालिकालाई हुँगा गाँउघर किल्निक रोड योजनाको लागि समपुरक अनुदान मार्फत सडक निर्माण कार्यको प्राप्त रकम रु. ५०,०००००।- र पालिका लाई रु. १५०००००।- समेत रु. ६५०००००।- पालिकाले उपभोग समिति मार्फत कार्य गराई खर्च गरेको पाईयो । खर्च गर्ने मार्गदर्शन तथा कार्यविधि विपरित खर्च गरिएको उक्त सडक निर्माण कार्यको डि.पि.आ.र स्वीकृत नभएको कामको लागत अनुमान तयार गर्दा Hard rock, Medium rock, Soft rock समेतको परिमाण राखी सम्झौता गरेको, नयाँ सडक खोलेको कामको नापजाँच गरी विल तयार गर्दा x selection drawing वेगर माटो र चट्टान कटिङ्गको कार्य परिमाणवाट विल तयार गर्ने, सडक खन्ने कामको चेनज उल्लेख नगरी रनिडविल वाट भुक्तानी गरेको र अनुदान निकासाको शर्त विपरितको प्रकृयावाट सडक निर्माण कार्य गर्दा पुर्याउनुपर्ने प्रकृया नै पुरा नगरी गरिएको खर्चका सम्बन्धमा यथार्थ खर्च भएको मान्ने आधार नदेखिएको अनियमित रु.६५०००००।- | १२,७१९,२५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद कार्यको अवस्थाः प्रदेश समपुरक अनुदानवाट प्राप्त सोताङ वजार व्यवस्थापन आयोजनाको रकम समेतवाट पालिकाले प्रदेश समपुरक अनुदानवाट रु.५० लाखवाट शिवटार वजारमा निर्माण कार्यको ल.ई.रु.७,२७९७१९।– स्वीकृत गरी उक्त कार्य उपभोक्ता समितिवाट गराई रु.७२,५८,९६८।– भुक्तानी गरेको पाइयो । प्रदेश नं.१ सरकारको वित्तिय हस्तान्तरण सम्बन्धीको सि.न.१४ प्रदेश समपुरक अनुदानवाट संचालन गरिने योजनामा उपभोक्तावाट कार्य गराउन नहुने शर्त रहेकोमा शर्त विपरित गाँउपालिका मातहत रहेको शिवटावर वजारमा ट्रष्ट निर्माण कार्यको डिजायन समेत स्वीकृत नगरी प्रतिस्प्रधात्मक रुपवाट (ठेक्कापट्टा) कार्य नगराई वाह्यय व्यक्तिको अध्यक्षताको समिति गठन गरी कार्य गराई भुक्तानी गरेको अनियमित रु.६२,१९,२५८।–<br>**खरिद सम्झौताको कार्यान्वयन र पेश्की** :-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की रकम र फर्छ्यौटको व्यवस्था छ । निर्माण व्यवसायीलाई दिने पेश्की रकम रु. २ करोड भन्दा वढीको ठेक्कामा छुट्टै वैंक खातामा पेश्की रकम दिनुपर्ने र उक्त खाताको मासिक विवरण निर्माण व्यवसायीले पेश गर्नुपर्ने व्यस्था छ । आधारभूत अस्पताल निर्माण गर्न २०७८।२।७ मा रु.१३४६१६६८१।– मा सम्झौता भई २४ महिना अवधी रहेको छ । निर्माण व्यवसायीलाले २०७८।३।२४ मा रु.२,३७,००,०००।– पेश्की लिएकोमा छुट्टै खाता मार्फत रकम जम्मा नगरेको र मासिक विवरण समेत नदेखिएको यो ठेक्काको २०७९ आषाण सम्म कुनै कामको विल पेश भएको छैन । सम्झौताको ५० प्रतिशत समयावधी पुरा भएको यस ठेक्काको निर्माण स्थलको स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायीले निर्माण स्थलको जमिन कटिङ गरी सम्याउने कार्य मात्र चालु राखेको छ । नियम ११३ मा पेश्की रकम कामको विलवाट कट्टी हुन नसकेकोमा वैंक जमानत जफत गरी फर्छ्यौट असुल गर्ने समेतको व्यवस्था रहेकोमा निर्माण व्यवसायीले लिएको पेश्की लेखिएको कार्यमा खर्च गरेको प्रमाण लिई नियमानुसार सोही ठेक्काको लागि मात्र प्रयोग गरे नगरेको यकिन गर्नु पर्दछ । | |
| २७.४ | | | **कार्यसम्पादन जमानत** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा ठेक्का सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानतको अवधी उक्त कामको त्रुटी सच्याउने अवधी भन्दा १ महिना वढीको हुनुपर्ने व्यस्था छ । कार्यालयले खुम्विला कन्ट्रक्सन संग वडा नं.४ भवन निर्माण कार्यको सम्झौता गरी कार्य गराएकोमा २०७९।२।१७ मा अन्तिम विल भुक्तानी सम्म रु.६१,६६,४२९।– भुक्तानी गरेकोमा निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानतको अवधी २०७९ भाद्र सम्म मात्र रहेकोले नियमानुसार त्रुटी सच्याउने अवधी भन्दा १ महना वढी अवधिको म्याद थप गरेको प्रमाण पेश हुनु पर्दछ ।<br>**बीमाः**- सार्वजनिकखरिद नियमावली २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढीको निर्माण कार्यको ठेक्का लिने व्यवसायीले त्रुटी सच्याउने अवधी समेटिएको बीमा पोलिसी पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले ४ वटा वडा कार्यालय भवनको निर्माण कार्य ठेक्कापट्टा बाट गराई काम चालु राखेकोमा कुनै पनि ठेक्काको बीमा गराएको पाइएन । नियमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बाँकी पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्त सम्म फस्यौंट हुन बाँकी निम्नानुसारको पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्यौंट र नियमित हुनुपर्ने रु. | ३,०८०,००० |

| पेश्कीलिनेव्यक्ति, फर्मवाकम्पनीकोनाम | म्यादननाघेको | म्यादनाघेको |
|---|---|---|
| **(क) कर्मचारी /पदाधिकारी पेश्की** | | |
| खिलराज बस्नेत | ३०,००० | |
| खिलराज बस्नेत | ५०,००० | |
| खिलराज बस्नेत | २०,००० | |
| खिलराज बस्नेत | | ६०,००० |
| खिलराज बस्नेत | | ४०,००० |
| नन्द राज राई | | ८०,००० |
| नन्द राज राई | | ३,००,००० |
| **(ख) निर्माणव्यवसायी पेश्की** | | |
| श्री काउननी – बि.एस. जे.भी. | ५,२४,००० | |
| श्री काउननी – बि.एस. जे.भी. | ५,२२,००० | |
| **(ख) उपभोक्ता समिति** | | |
| चेमेदु घाट झोलुङ्गे पुल निर्माण उ.स. | | ८,००,००० |

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>(ख) व्यक्तिगत पेश्की</td><td></td><td></td></tr>
<tr><td>सन्तोष वस्नेत</td><td></td><td>१,००,०००</td></tr>
<tr><td>उज्वल न्यौपाने</td><td></td><td>१७,००,०००</td></tr>
<tr><td>जम्मा पेश्की</td><td>११,४६,०००</td><td>३०,८०,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अस्पताल आय व्यय</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>स्टोर दाखिला :- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघी रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य शर्शत वाट प्राप्त रकमवाट खरिद गरिएका सामानको भौ.नं. ८९।०७३।३।२४ वाट भुक्तानी गरेकोमा उक्त उपकरणहरु कार्यालयको मूल जिन्सी खाता PAAMS मा समावेश नगरी भुक्तानी गरेकोले उक्त सामागरी PAAMS मा अभिलेख गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>६१,९००</td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>अस्पताल आय-व्यय :- स्थानीय तह गठन पश्चात स्थानीय तह अन्तर्गतका स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्था पालिका मातहत रहेकोमा पालिका अन्तर्गतको सोताङ प्राथमिक स्वास्थ्य केन्द्र हाल पालिका अस्पतालको रुपमा संचालनमा रहेको पाइयो । पालिकाले उक्त अस्पतालवाट हुने आम्दानीलाई आफ्नो कारोवार भित्र समेटी लेखापरीक्षणमा पेश गराएको छैन । तर उक्त अस्पतालको लागि संचालन गर्ख र औषधी उपकरण खरिद समेत पालिकावाटै व्यहोर्ने गरिएको छ । अस्पतालको संचालन छट्टै समितिवाट गराएकोमा पालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम कानून बनाई अस्पताल तथा स्वास्थ्य सेवा संचालन गरी आय-व्यय समेत पालिकाको एकिकृत आयमा समावेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बढी भत्ता<br>सामजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यावस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यात्तिको अभिलेख अद्यावधिक गरि भत्ता नपाउने व्यात्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको लगत कट्टा विवरण र रिवर्स फिड लाई आधार मानी परिक्षण गर्दा निम्नुसनरको</td><td>२१५,३३३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकाले थप छानविन गरि असुल गर्नुपर्ने रु

| लाभग्राहीको नाम | प्रकार | वडा नम्बर | नागरिकता नम्बर | मृत्यु मिति | निकासा रु | | | | | निकासा हुनुपर्ने रु | बढि निकासा भएको रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | द्वितीय | तृतीय | चतुर्थ | जम्मा | | |
| आइतीमाया तामाङ | अन्य जेष्ठ | ५ | ५६७८/२४४५ | 2078.04.24 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 3200 | 44800 |
| हस्तमान तामाङ | अन्य जेष्ठ | ५ | ८८१-२६१८ | 2078.04.12 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 1600 | 46400 |
| मनवीर राई | अन्य जेष्ठ | ५ | ५५९०।२६६ | 2078.10.29 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 27867 | 20133 |
| सुन कुमारी बस्नेत | अन्य जेष्ठ | ५ | १२४६/१२३७ | 2078.12.27 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 35600 | 12400 |
| सुखमाया राई | अन्य जेष्ठ | ३ | १०७३/२४३ | 2078.08.01 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 16133 | 31867 |
| पर्वी माया राई | अन्य जेष्ठ | २ | ११-०२-७५-००४४४ | 2078.02.05 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 0 | 48000 |
| बृख बहादुर गुरुङ | अन्य जेष्ठ | १ | ९६२।५२२ | 2078.07.02 | 12000 | 12000 | 0 | 0 | 24000 | 12267 | 11733 |
| जम्मा | | | | | | | | | | | 215333 |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **सामाजिक सुरक्षा भत्ता वितरण**<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ३६२७४१९६ ।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।<br>१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।<br>२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।<br>३. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५ को परिच्छेद ४ को बुँदा नं १५ मा अद्यावधिक एम=आई=एस लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट प्राप्त एम=आई=एस विवरणको मूल अभिलेखको परीक्षण गर्दा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना=प्र=नं दोहोरिएको वा सो भन्दा बढी रहेको, ना=प्र=नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन । एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाईदोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम=आई=एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।<br>४. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भत्ता उपभोग गर्न इच्छुक र योग्य नागरीकले तोकिएको मितीमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फारम आहवान गरी नाम दर्ता र नवीकरण | १९,८९४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्ने व्यवस्था छ । कार्यालयले कार्यविधिको पालना गरी तत् सम्बन्धि कार्य नगरेको हुँदा लाभग्राहीको सख्या यकिन गर्नसकिएन।<br>५.कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ५ वटै वडाका लाभग्राहीलाई प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । गा.पा.ले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गरेको देखिएन ।<br>तपसिल बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भर्पाइ परीक्षण गर्दा लाभग्राहीहरुको नागरिकता नं.एकै रहेको देखिएकोले ती लाभग्राही फरक हुन् वा एकै हुन् यकिन हुन नसकेकोले कार्यालयले यकिन गरी दोहोरो देखिएमा असुल हुनुपर्ने रु.
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>व्याक्तिगत परिचयपत्र नं.</th><th>नागरिकता नम्बर</th><th>भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>बिस्नुमान राई</td><td>१९९५०१२७००१४२</td><td>११३००६/११५</td><td>१२०००</td><td rowspan="2">पहिलो त्रैमासिकमा एउटै नागरिकता नम्बर रहेको ।</td></tr>
<tr><td>बिष्णु कुमारी राई</td><td>२०४८०४२६०००६१</td><td>११३००६/११५</td><td>७८९४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९८९४</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>मू अ कर मा दर्ता नभएको संग खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>फर्म को नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३५२।२०७९।३।१८</td><td>खुशि भाडा पसल</td><td>कार्यालयसामाग्रि खरिद</td><td>४२६००</td></tr>
<tr><td>३७५/२०७९/३/२४</td><td>सुपरटेकनो कम्प्युटर सेन्टर</td><td>कार्यालय सामान खरिद</td><td>६५६००</td></tr>
</table></td><td>५०२,९२४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३८२।२०७९।३।२५</td><td>किशोर एण्ड केट्रिना अर्डर सप्लायर्स</td><td>कार्यालय सामान खरिद</td><td>२१३०४९</td></tr>
<tr><td>२२८।२०७९।१२।२१</td><td>सुयोग अलकाइन्ड स्टोर्स</td><td>कार्यालय सामान खरिद</td><td>७८६७५</td></tr>
<tr><td>२४३।२०७८।१२।३०</td><td>कन्चन स्टोर्स</td><td>फर्निचर खरिद</td><td>१०३०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५०२९२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि मासिक रुपमा अनुगमन भत्ता बुझिलिएको पाइयो। अनूगमन प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सफ्टवेयर खर्चः<br>नेपाल सरकारको सूचनाप्रविधि प्रणाली(व्यबस्थापनतथासञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यम बाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचनाप्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचनाप्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ।स्थानीय तहले डिजिटल भिलेज प्रोफायल निर्माण सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.१९७७५००। खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको देखिएन।यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सोझै खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले निम्नवमोजिम सझै खरिद गरेको अनियमित रु
<table>
<tr><td>भौचर नं र मिति</td><td>फर्मको नाम</td><td>सामान</td><td>रकम</td></tr>
</table>
</td><td>१,२९६,३०१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७३।२०७९।३।२३</td><td>ए टु जेड अर्डर एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्रि</td><td>३४७७०१</td></tr>
<tr><td>२५५।२०७९।१।७</td><td>ए टु जेड अर्डर एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्रि</td><td>४८८७४७</td></tr>
<tr><td>६१।२०७८।१।७</td><td>ए टु जेड अर्डर एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्रि</td><td>४५९८५३</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१२९६३०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
पारिश्रमिक करः<br>
आयकर ऐन २०५८को दफा ८७ बमोजिम पारिश्रमिक आयमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ।निम्न कर्मचारीहरुको पारिश्रमिक कर कट्टि गर्न छुट भएकोले कट्टि गरि कर दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>पद</th><th>नाम</th><th>बार्षिक आय</th><th>करयोग्य आय</th><th>कर रकम</th></tr>
<tr><td>प्र प अ</td><td>अर्जुन दर्जी</td><td>७१५२८६</td><td>६००६७</td><td>६००६</td></tr>
<tr><td>सव इन्जिनियर</td><td>भाग्य नारायण यादव</td><td>६३९२२६</td><td>५५५९७</td><td>५५५९</td></tr>
<tr><td>इन्जिनियर</td><td>जिवछ शाह</td><td>५८०३९०</td><td>१००३९०</td><td>१००७८</td></tr>
<tr><td>सुचना प्रविधि अधिकृत</td><td>उज्वल न्यौपाने</td><td>५८०३९०</td><td>१००३९०</td><td>१००७८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३१७२१</td></tr>
</table>
</td><td>३१,७२१</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
भ्रमण खर्चः<br>
भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राखुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.७७३५७ /- र भम्रण खर्चमा रु.३४८६५४५ /- विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च रु २९९१५० गरी जम्मा रु. ३८६३०५२/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च बाट फरक खर्च शिर्षकको कर्मचारी भ्रमण खर्च भुक्तानी गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ । | |
| ३८ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ८ शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु१०६२५०० ।तलब भत्ता भुक्तानी गरेको पाइयो। | |
| ३९ | | | **खर्चको लेखांकन** | |
| ३९.१ | | | सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी इन्धन तर्फ रु. ६७५५७७/- र कर्मचारी इन्धन शिर्षकबाट यस वर्ष रु. ८६४४८५/- खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| ३९.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता | |

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. १२२८०१२/- र मेशिनरी औजार मर्मतमा रु. १०२५१३७/- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>फरक खर्च शिर्षकः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>खर्च लेख्नुपर्नै शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२९९।२०७९।३।१</td><td>सुचना प्रकाशन खर्च भुक्तानी</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>संचार महशुल</td><td>७७८०१</td></tr>
<tr><td>३२९।२०७९।३।१२</td><td>सुचना प्रकाशन खर्च भुक्तानी</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>संचार महशुल</td><td>४००००</td></tr>
<tr><td>३३८।२०७९।३।१७</td><td>सुचना प्रकाशन खर्च भुक्तानी</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>संचार महशुल</td><td>१०००००</td></tr>
<tr><td>३४४।२०७९।३।१७</td><td>सुचना प्रकाशन खर्च भुक्तानी</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>संचार महशुल</td><td>३६०००</td></tr>
